बागमती प्रदेश सरकार

# भौतिक पूर्वाधार विकास मन्त्रालय

हेटौंडा, नेपाल

मितिः२०८३/०६/०७

पत्र सङ्ख्याः २०८३/०८४

चलानी नम्बरः २४९

श्री पूर्वाधार विकास निर्देशनालय, हेटौंडा, मकवानपुर;

श्री पूर्वाधार विकास कार्यालयहरू, सबै;

श्री सहरी विकास तथा भवन कार्यालयहरू, सबै;

श्री ग्रामीण सडक सञ्जाल सुधार आयोजना- ए. एफ., आयोजना कार्यान्वयन एकाई, भक्तपुर।

बागमती, प्रदेश।

**विषयः विपद् पूर्वतयारी तथा प्रतिकार्यका सम्बन्धमा।**

उपर्युक्त सम्बन्धमा नेपाल सरकार, कृषि, वन तथा पर्यावरण मन्त्रालय, नेपाल मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाबाट मिति २०८३।०६।०७ मा जारी मौसम पूर्वानुमान तथा मौसम सम्बन्धी चेतावनी अनुसार सम्भावित वर्षाको कारणले भू-क्षय, बाढी, पहिरो तथा गेग्रान बहावको जोखिम रहेकोले शहरी तथा तराई क्षेत्रहरूमा डुबानको जोखिम रहेको, ठूला तथा साना नदी नाला र खोलाहरूमा पानीको सतह बढ्न सक्ने, दैनिक जन-जीवन, कृषि, स्वास्थ्य, पर्यटन लगायत नदी क्षेत्र आसपासका निर्माण कार्य, सडक तथा हवाई यातायात समेत प्रभावित हुन सक्ने भएकोले आवश्यक सतर्कता तथा पूर्व तयारी अपनाउन अनुरोध भएकाले भौतिक पूर्वाधारमा क्षति पुग्न सक्ने तथा यातायात आवागमन प्रभावित हुन सक्ने अवस्था रहेको हुँदा सम्भावित विपद्बाट हुने क्षति न्यूनीकरण तथा विपद् पश्चात् शीघ्र प्रतिकार्यका लागि आवश्यक पूर्वतयारी एवं सतर्कता अपनाउन आफ्नो कार्यक्षेत्र अन्तर्गतका पूर्वाधारको अवस्था नियमित जानकारी राखी सम्भावित जोखिमयुक्त स्थानको पहिचान तथा आवश्यक पूर्वतयारी गर्न/गराउन हुन अनुरोध छ।साथै कार्यालय प्रमुखले अत्यावश्यक अवस्थामा बाहेक कार्यक्षेत्र नछोड्नुहुन र यस परिस्थितिमा मन्त्रालय, निर्देशनालय तथा सम्बन्धित जिल्ला प्रशासन कार्यालयसँग आवश्यक समन्वयमा रहनु हुन समेत निर्देशानुसार अनुरोध छ ।

.............................
मदन कुमार आले मगर
डिभिजनल इन्जिनियर

सादर बोधार्थ :

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, हेटौडा, नेपाल ।

श्री आन्तरिक मामिला, कानुन तथा सहकारी मन्त्रालय, हेटौडा, नेपाल ।

फोन नं. ०५७-५२०९२६, ०५७-५२५४८१, ०५७-५२१५१९, ०५७-५२५१८४

ईमेलः- road.mopid@bagamati.gov.np, s3mopid@gmail.com वेभसाईटः-www.mopid.bagamati.gov.np